सर्वोच्च अदालत एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
आदेश

सम्वत २०७० सालको रिट नं. ०७०-WO-०७८२

मुद्दाः- उत्प्रेषण समेत ।

अधिवक्ता श्री श्रीप्रसाद पण्डित.................................................. रिट निवेदक

विरुद्ध

व्यवस्थापिका संसदको संसदीय सुनुवाई समिति समेत .......................... विपक्षी

यसमा व्यवस्थापिका संसदको संसदीय सुनुवाई समिति समेतलाई विपक्षी बनाई छलफलको लागि आज पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ता श्री श्रीप्रसाद पण्डित एवं निवेदक तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु शिब प्रसाद सिग्देल, टिकाबहादुर कुँवर, राज कुमार थापा र शक्ति प्रसाद पण्डित समेतले गर्नु भएको वहस जिकिर सुनियो ।

यसमा के कसो भएको हो ? निवेदकको माँग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियम बमोजिम गरी पेश गर्नु ।

साथै निवेदकले निवेदन दावीमा विपक्षी समितिले न्यायपरिषदका पदाधिकारीसंग बयान लिने, बकपत्र गराउने लगायतका काम कारवाहीगर्न सक्ने भै न्यायपालिकाको स्वतन्त्रतामा गम्भीर प्रतिकूल असर पर्न सक्ने देखिनाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने माँगको सम्बन्धमा विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३(१) अनुसार न्यायाधीशरुको नियुक्ति सरुवा, अनुशासन सम्बन्धी काम कारवाही,

बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरुको सिफारिस गर्न वा परामर्श दिन न्याय परिषदको व्यवस्था भएको र सो न्याय परिषदको अध्यक्षता प्रधान न्यायाधीशबाट हुनुको साथै सो परिषदमा न्याय मन्त्री समेत गरी चार जना सदस्यहरु रहने व्यवस्था समेत गरिएको पाईन्छ । यसको साथै सो अन्तरिम संविधानको धारा १५५ (१) मा न्यायाधीशहरुको नियुक्तिको सन्दर्भमा संसदीय सुनुवाई समेत हुने व्यवस्था भएको छ ।

सर्वोच्च अदालतको न्यायाधीशहरुको नियुक्तिको लागि न्याय परिषदले सिफारिस गर्दा धारा १५५ अनुसार कानूनमा व्यवस्था भए बमोजिम संसदीय सुनवाई हुने भए पनि संविधानको कुनै व्यवस्था, नियुक्तिको लागि सिफारिस हुने न्यायाधीशहरुको सम्बन्धमा न्याय परिषदका सदस्यहरुलाई संसदमा बोलाई बुझ्न सक्ने गरी भएको देखिदैंन । संविधानसभा व्यवस्थापिका संसदको कार्य संचालन नियमावली, २०७० को नियम ११९ लाई हेर्दा सर्वोच्च अदालतको न्यायाधीशको लागि सिफारिस गरिएको व्यक्तिको सम्बन्धमा सूचना प्रकाशित गर्ने सूचना वा उजुरी लिने थप अनुसन्धान गर्ने सक्ने, संसदीय सुनुवाई गर्ने लगायतका व्यवस्थाहरु भएको देखिन्छ र सो नियमावलीमा व्यवस्था भए अनुसार न्याय परिषदको सिफारिशलाई सुनुवाई समितिले स्वीकार वा अस्वीकार गर्न सक्ने समेत भएको छ तर सिफारिस गर्ने न्याय परिषदको सदस्यहरुलाई बोलाई सोधपुछ गर्न सक्ने व्यवस्था भएको देखिदैन ।

संसदीय लोकतन्त्रमा जनताद्वारा निर्वाचित संसदको महत्व हुने कुरामा विवाद नभए पनि संसद वा सो अन्तर्गतका समितिहरुले संविधान एवं कानूनले व्यवस्था गरे अनुसारको जिम्मेवारी बहन एवं कार्य गर्नुपर्ने हुन्छ र नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना तथा अन्तरिम संविधानको धारा १००(२) मा उल्लेख भए बमोजिम स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणालाई मनन गरी राख्नु पर्छ भन्ने कुरामा विवाद हुन सक्दैंन । यी सबैधानिक व्यवस्थाहरुले लोकतन्त्रमा जनताद्वारा निर्वाचित संसदको महत्वलाई कायम गर्नुको साथै संवैधानिक एवं कानूनी मान्यता अनुसार हाम्रो देशमा समेत कुनै व्यक्ति विशेष वा संस्थाको शासन नभै कानूनको शासन र कानूनको शासन मात्र रहेको भन्ने कुरा व्यवहारिक रुपले सिद्ध गर्न स्वतन्त्र न्यायपालिका समेतको मर्यादा राख्नु पर्ने कुरामा दुईमत हुन सक्दैन ।

संसदीय प्रणालीमा जनताको सर्वोच्चता र कानूनी राज्यको अवधारणालाई कायम राख्न समेत संसदको महत्व एवं न्यायपालिकाको स्वतन्त्रता एक अर्काको प्रतिस्पर्धी नभै पूरकको रुपमा आफ्नो कार्य संचालन गरेको हुनु पर्दछ भन्ने कुराको विचार राख्नै पर्ने हुन्छ ।

सर्वोच्च अदालतका न्यायाधीशहरुको नियुक्ति सम्बन्धमा भै रहेका संवैधानिक व्यवस्था अनुसार न्याय परिषदबाट भएको सिफारिश बमोजिमका व्यक्तिहरुलाई संसदीय सुनुवाई समितिले कानूनमा व्यवस्था भए बमोजिम स्वीकार गर्ने वा नगर्ने कुरा संसदीय सुनुंवाई समितिको जिम्मेवारी एवं क्षेत्राधिकारमा पर्ने भै सो समितिले सो सम्बन्धमा आवश्यक अनुसन्धान गर्न सक्ने भए पनि न्याय परिषदका सदस्यहरुलाई सुनुवाई समितिमा बोलाई कुनै प्रश्न गर्दा सर्वोच्च अदालतका प्रधान न्यायाधीश अध्यक्ष एवं वरिष्ठतम

न्याययाधीश समेत सदस्य रहेका न्याय परिषदको मात्र नभई सम्पूर्ण न्यायपालिकाको स्वतन्त्रता र संसदीय कार्य प्रणालीको मर्यादा माथि प्रश्न चिह्न उत्पन्न गर्नुको साथ साथै संसद एव न्यायपालिका बीचमा अनावश्यक र अशोभनीय द्वन्द्व समेत उत्पन्न हुन सक्ने हुन्छ ।

त्यसकारण न्यायपरिषदद्वारा नियुक्तिको लागि सिफारिश भएका व्यक्तिहरुलाई सर्वोच्च अदालतको न्यायाधीशहरुको रुपमा स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा कानून बमोजिमको आवश्यक प्रक्रिया र सो सम्बन्धी अनुसन्धान गर्ने जिम्मेवारी संसदीय सुनवाई समितिलाई रहेको कुरामा दुई मत हुन नसक्ने भए पनि सिफारिस गर्ने न्याय परिषदका सदस्यहरुलाई सो सम्बन्धमा समिति समक्ष बोलाउन प्रथम दृष्टि मै संविधान, संवैधानिक परम्परा संसदीय लोकतान्त्रिक प्रणालीको मर्यादा तथा न्यायपालिकाको स्वतन्त्रता समेतसंग मेल खाने नदेखिएकोले सो सम्बन्धमा संसदीय सुनवाई समितिद्वारा अख्तियार गरिएको प्रक्रिया सच्याउन पर्ने भए सच्याई सुनवाईको कार्य अगाडि बढाउनु पर्ने भए पनि न्याय परिषदका सदस्यहरुलाई यस प्रयोगजनको निमित्त संसदीय सुनुवाई समिति समक्ष उपस्थित हुन नबोलाउनु र विरुद्ध खण्डमा उल्लिखित न्याय परिषद सचिवालय समेतले सो प्रयोजनको निमित्त न्याय परिषदका सदस्यहरुलाई संसदीय सुनुवाई समिति समक्ष उपस्थित हुन जाने भनी पत्राचार नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अर्को आदेश नभए सम्मको लागि अन्तरिम आदेश जारी गरी दिएको छ । नियमानुसार गर्नु ।

न्यायाधीश

इति सम्वत् २०७१ साल जेष्ठ २ गते रोज ६ शुभम्.................................